# सरावल गाँउपालिकाद्धारा आयोजित

आर्थिक वर्ष २०७९/०८० को

**सेवा प्रवाह र विकास निर्माणका** सम्बन्धमा सातै वडामा आयोजित

## सार्वजनिक सुनुवाई

प्रतिवेदन २०७९

**पृष्ठमुमि :**

विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासहरुलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागु गर्दै आएको छ । तीनै ऐन नीति, नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाई रहेका छन् । कुनैपनि कार्यालयको कामलाई सुशासन, पारदर्शिता, जवाफदेहीता, जनसहभागिता र विधिको शासन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ । जनताको आवाज तथा जनगुनासोहरुको प्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालयका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ ।

यो कार्यक्रम जनताप्रतिको जवाफदेहीता, उत्तरदायित्व र विकाससँग सम्बन्धित छ । सरावल गाँउपालिका गाँउ कार्यपालिका सरावलको कार्यालय र यस मातहतका कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, समाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाइ लगायतका विविध विषयमा जनताहरुलाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवम् सबल संस्थाको रुपमा स्थापित गर्नको लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्न सरावल गाँउपालिकाको कार्यपालिका बैठकको निर्णय अनुसार सबै वडामा सार्वजनिक सुनुवाई गरिएको छ । यस सार्वजनिक सुनवाई कार्यक्रमको सहजिकरण तथा सहकार्य सामुदायिक रेडियो परासी ९०.२ मेगाहर्जवाट भएको हो ।

**सार्वजनिक सुनुवाईको औचित्य**

सरावल गाँउपालिकाको सार्वजनिक सुनवाईमा गाँउसभावाट विनियोजित बजेट तथा कार्यक्रमहरु वाट सञ्चालन र सम्पादन गरेको कामहरुको सार्वजनिक सुनुवाई गर्नु पर्ने कार्यविधि अनुरुप काम गरिएको छ । सरावल गाँउपालिकामा आ.व. २०७९/०८० को हालसम्मको अवधिमा सञ्चालन भएका विकास निर्माण कार्यहरु तथा स्थानीय बासिन्दाहरुका लागि पुऱ्याएको सेवा सुविधाहरुको विषयमा सेवग्राहीहरुको प्रतिक्रिया तथा गुनासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नु पर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउँ पुऱ्याउँछ । कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुऱ्याउनेछ । यसको साथै हालको वर्ष यता स्थानिय तहहरुको कार्य सम्पादनमा आधारित अनुदान वितरण पद्धती लागू गरेको र गाँउपालिकाको सार्वजनिक सुनुवाई कार्यलाई सूचनाको हक दिलाउने एउटा औजारको रुपमा राखिएकाले पनि यसको अपरिहार्यतालाई प्रष्ट पार्दछ ।

**सार्वजनिक सुनवाई कार्यक्रमको उद्देश्य :**

यस कार्यक्रमको मुख्य उद्देश्य सरावल गाँउपालिकाबाट आ व २०७९/०८० को हाल सम्मको अवधिमा पालिकावासीलाई पुऱ्याएको सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा जनताहरुको

प्रतिक्रिया तथा गुणासाहरुलाई व्यवस्थापन गर्नु हो । यस कार्यक्रमका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका थिए ।

१. जनगुनासाहरु सुन्नु ।

२. जनताको समस्यामा छलफल गर्नु ।

३. गाँउपालिकामा दोस्रो चौमासिक सम्मको अवधिमा गरिएका कामहरुको मूल्यांकन गर्नु ।

४. आगामी दिनहरुमा गाँउपालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान र सुझाव प्राप्त गर्नु ।

## कार्यक्रमबाट भएका उपलब्धिहरु

क) गाँउपालिका र स्थानिय बीचको सम्बन्ध अझ राम्रो हुनेछ ।

ख) आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा र नराम्रा दुवै पक्षको कार्य मूल्यांकन हुने छ ।

ग) आगामि दिनमा योजना तय गर्न र कार्यान्वयनमा थप सहजता हुने छ ।

## सार्वजनिक सुनवाई कार्यकमको विवरण

क) सार्वजनिक सुनुवाई कार्यक्रम आयोजक : सरावल गाँउपालिका, सरावल नवलपरासी(ब.सु.प.)

ख) सार्वजनिक सुनुवाई संयोजन गर्ने संस्था सामुदायिक रेडियो परासी ९०.२ मेगार्हज

ग) सार्वजनिक सुनुवाई कार्यक्रम भएको मिति : २०७९ फागुन १७,१९,२१,२६ गते

घ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको स्थान : सरावलका वडा नम्बर १,२,४,५,६ र ७ नम्बर वडाको कार्यालय परिसर र वडा नम्बर ३ को गाँउपालिकाको सभाहल ।

ङ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको समय : बिहान ११ देखि दिउसो ४ बजे सम्म (दुई स्थानमा)

च) कार्यक्रम सञ्चालन गरिएको समयावधि : २ घण्टा ३० मिनेट

छ) कार्यक्रममा प्रत्यक्ष सहभागि संख्या : ३९४ जना (प्रत्यक्ष प्रसारण र फेसबुक लाइबाबाट पनि श्रोताहरुको सहभागीता रहेको थियो । )

ज) कार्यक्रमको अध्यक्षता : सरावल गाँउपालिका अध्यक्ष सुखाडि चौधरी

सार्वजनिक सुनुवाई कार्यक्रमको सामुदायिक रेडियो परासी ९०.२ मेगाहर्ज लगायत अन्य अनलाईन संचार संस्थाहरुले पनि प्रत्यक्ष प्रसारण गरेका थिए । भने विभिन्न व्यक्तिका फेसवुक पेजबाट भिडियो तथा फोटोहरु पनि पोष्ट भएका छन् ।

## सार्वजनिक सुनुवाईमा उठेका र छलफल गरिएका विषयवस्तुहरु :

पालिकाको शिक्षा, स्वास्थ्य, सरसफाइ, खानेपानी, सूचना, रोजगार, कृषि क्षेत्र, डुबान नियन्त्रण, गाँउपालिकाको भौतिक पूर्वाधार तथा विकास निर्माण, आय व्यय तथा पालिकाले दैनिक गर्ने सेवा प्रवाहका विषयहरु उठेका थिए ।

## सार्वजनिक सुनवाई कार्यकममा भएको उपस्थिति

यस कार्यक्रममा सरावल गाँउपालिकाको सबै वडामा आ.व. २०७९/०८० को दुई चौमासिक अवधिमा सम्पादन गरिएका विकास निर्माण कार्य र गाँउपालिकाले पुर्‍याएको सेवा सुविधाका बारेमा सार्वजनिक सुनुवाई गरिएको थियो । गाँउपालिकाका सम्पूर्ण बस्तीहरु, टोल विकास संस्थाका प्रतिनिधि, राजनितिक दलका प्रतिनिधि, उपभोक्ता समिति, सामुदायिक विकास संस्था, विद्यालयहरु, सहकारीहरु, आमा समुहहरु, सामुदायिक वन उपभोक्ता समितिहरु, महिला समुहहरु, दलित उत्थान समुहहरु, व्यावसायिहरु, शिक्षक, बुद्धिजिवीहरु तथा गाँउपालिकाका विषयगत शाखाहरुलाई आमन्त्रण गरिएको थियो ।

## सार्वजनिक सुनवाई कार्यक्रमको औपचारीक शत्र (वडा नम्बर १)

कार्यक्रम संचालक : बिकास अधिकारी, सहजकर्ता रेडियो परासी ( २ घण्टा )

क) अध्यक्षता ग्रहण -अध्यक्ष सुखाडी चौधरी सरावल गाँउपालिका

ख) पदाधिकारीहरुको आसन ग्रहणको कार्यक्रम

- गाँउपालिका उपाध्यक्ष बासमति हरिजन ज्यू
- प्रमुख प्रशासकिय अधिकृत श्री दुर्गा पौडेल ज्यू
- वडा नम्बर १ का वडा अध्यक्ष विष्णु प्रसाद भट्टराई ज्यु,

**वडा सदस्यहरु**

- शोभा देवि चौधरी ज्यु
- शान्ती हरिजन ज्यु
- गोरे मगर ज्यु
- वुद्धन चौधरी ज्यु लाई अगाडि मंचमा आएर आसन ग्रहणको लागि अनुरोध गरिएको ।

यस गाँउपालिका को विषयगत शााखा उपशाखाका प्रमुख एव कर्मचारीहरुहरुलाई यथा स्थानमा आसनग्रहण गराईएको ।

**स्वागत मन्तव्य र वडा नम्बर १ बाट भएका विकास निर्माण र सेवाप्रवाह सम्वन्धि प्रस्तुती .वडा अध्यक्ष विष्णु प्रसाद भट्टराई बाट भएको**

समग्र गाँउपालिका मार्फत भएका कामको विवरण प्रस्तुती प्र.प्र.अ. दुर्गा पौडेल बाट भएको

**सार्वजनिक सुनुवाई गर्न अपनाएका विधिहरु :**

क) सार्वजनिक सुनुवाई कार्यविधि र आचारसंहिताको पालना

ख) स्थानिय मेडिया तथा माइकिङ बाट प्रचार प्रसार

ग) पालिकाबासी, टोलविकास संस्थाहरु, उद्योगी व्यवसायीहरु, शिक्षक बुद्धिजिवी, किसान, तथा विभिन्न संघ संस्थालाई कार्यक्रम बारे जानकारी

घ) भेला तथा छलफल

**कार्यक्रममा सहभागीहरुले उठाएको प्रश्नको जवाफ सम्बन्धित जनप्रतिनिधि तथा कर्मचारीले दिएका थिए । कार्यक्रममा उठेको प्रश्न, जवाफ तथा सुझावहरु :**

**सार्वजनिक सुनुवाईका प्रश्नकर्ताहरु -** कमला ज्ञवाली, नेत्र पाण्डे, सन्तोष क्षेत्रि, गोपाल बहादुर सार्कि, मिनराज पन्त, सत्रुघन चौधरी, गिरीप्रसाद भट्टराई, नारायण पाण्डे, मदन पौडेल लगायत रहनु भएको थियो

**मुख्य प्रश्नहरु-**

१) फोहोर व्यवस्थान नहुदा दुर्गन्ध फैलिएको, यत्रतत्र फोहोर फाल्ने गरिएकाले गाँउपालिकाले कहिले सवारी साधनबाट फोहोर उठाउने व्यवस्था गर्छ ?

२) वडा नम्बर १ पथरैयामा रहेको सरस्वती आधारभुत विद्यालय मर्ज गर्ने कुरा के हो ? मर्ज गरिनुहुदैन् ।

३) कार्यालयमा सेवा प्रवाहका क्रममा कर्मचारीको धेरै ढिलासुस्ती छ ।

४) मृगौला पिडितका छोराछोरीले पढ्न नसक्ने अवस्था आयो, गाँउपालिकाले के गर्न सक्छ ? अन्य पालिकामा भईरहेको छ यहाँ मृगौला रोगिहरुले भत्ता पनि पाएनन् किन ?
५) अव्वस्थीत भुमिहिन सुकुम्बासीको समस्या कहिले समाधान होला ?
६) स्वास्थय सेवा प्रभावकारी बनाउनै अस्पतालको व्यवस्था र २४ सै घण्टा सेवा प्रवाह हुनुपर्‍यो ।
७) खोलाजन्य पर्दाथको चोरी निकासी बढ्यो ठेक्का प्रक्रिया किन अगाडी बढाईएन् ?
८) डुबानको समस्या समाधानका लागी के पहल हुदै छ ?
९) सानो साँघुरो बाटोमा पैसा लगानी हुन्न भनिएको छ के हो वास्तविकता ?
१०) छाडा चौपायाको समस्या छ समाधान हुनुपर्‍यो ?
११) कार्कि टोल, थारु टोलमा विकास कता हरायो ?

**जवाफ वडा अध्यक्ष मार्फत**

- सरस्वती आधारभुत विद्यालय मर्ज हुन्छ, विद्यार्थि सङख्या पनि कम छ तर त्यहाँ विद्यालयको एउटा केन्द्रको रुपमा आधारतभुत तह सम्म पठन्पाठ्न हुन्छ, अन्य केहि विद्यालयले पनि त्यस किसिमको अभ्यास गर्दे आएका छन् । हामि सेवा प्रवाह र विकास निर्माणका काम प्रभावकारी बनाउन प्रतिवद्ध छौ ।

**जवाफ प्रमुख प्रशासकिय अधिकृतज्यु बाट**

- फोहोर व्यवस्थापनका लागी सवारी साधन खरिद प्रक्रियामा रहेको छ छिट्टै तपाइको घर घरमा ट्याक्टर फोहोर उठाउन आउने छ । कार्यलको सेवा प्रवाहमा कर्मचारी बाट ढिलासुस्ती भएको विषयमा मैले तत्कालै एक्सन लिने छु । कहाँ त्यस्तो भएको छ बुझेर सेवा प्रवाह चुस्त दुरुस्त राखिने छ । कहिलेकाहि आकस्मिक रुपमा कुनै कर्मचारीको समस्या वा प्रविधिमा आएको गडबढिका कारण पनि सेवा प्रवाहमा ढिलाई भएको हुन सक्छ यसमा सेवाग्राहिले बुझिदिनुपर्‍यो । मृगौला रोगिको विषयमा उठेको प्रश्नमा तपाईलाई भत्ता दिने भन्ने विषय टुङ्गो लागेको छैन् हामिले प्रयास गरेका छौ ।
- तथ्याङ्क पनि संकलन गरियो तर सङख्या धेरै भएको हुदा बजेटले सकेको छैन् भएसम्म प्रयास गर्ने छौ । तपाईको छोराको विद्यालयको पठपाठन निशुल्क हुनेछ मैले तत्कालै त्यसको प्रक्रिया सुरु गर्ने प्रतिवद्धता व्यक्त गर्न चाहान्छु । साघुँरो बाटोमा पालिकाले लगानी गर्दै भन्ने कुरा सहि हो, सडकको मापदण्ड भित्र नपर्ने सडकमा लगानी गरेर फाईदा छैन् त्यसैले त्यसो गरिएको हो ।

**जवाफ गाँउपालिका अध्यक्ष मार्फत**

- सबै ठाँउमा विकास निर्माणका कार्य पुर्‍याउन हामिले वडा वडा बाट योजना माग गरि काम गरेका हौ । छुटेका काम आगामि आर्थिक वर्षको बजेटमा समेट्ने प्रतिवद्धता म व्यक्त गर्न चाहान्छु । भुमिहिन अव्यवस्थित सुकुम्बासीका समस्या समाधानका लागी आयोगले काम गरिरहेको छ यसमा हाम्रो पुर्ण भुमिका नहुने भएकाले हामिले दबाब दिने काम गर्न सक्छौ, काम भईरहेकाले आशा छ छिट्टै सकिएला । स्वास्थ्य सेवाका सर्न्दभमा २४ सै घण्टा प्रवाह गर्ने कोसिस हाम्रो रहन्छ तर तत्काल जनशक्ति लगाएतका विविध कारणले हामि असमर्थ छौ । हाम्रो कोसिस स्वास्थ्य सेवा प्रभावकारी बनाउने नै हो । छाडा चौपायको समस्या बढ्दै गएको महसुस भएको छ मैले अब एउटा गौशाला बनाउने कि भन्ने सोचमा छु आगामि दिनमा त्यो पुरा हुने छ ।

# सार्वजनिक सुनवाई (वडा नम्बर २) फागुन १७ गते

कार्यक्रम संचालक : बिकास अधिकारी, सहजकर्ता रेडियो परासी ( २ घण्टा )

अध्यक्षता ग्रहण -अध्यक्ष सुखाडी चौधरी सरावल गाँउपालिका

पदाधिकारीहरुको आसन ग्रहणको कार्यक्रम -

गाँउपालिका उपाध्यक्ष बासमति हरिजन ज्यू

प्रमुख प्रशासकिय अधिकृत श्री दुर्गा पौडेल ज्यू

वडा नम्बर २ का कार्यवहाक वडा अध्यक्ष तुफानि लाल गुप्ता ज्यु,

**वडा सदस्यहरु**

- उर्मिला कुमारी थारु ज्यु
- नरेन्द्र चौधरी ज्यु
- उषा देवि हरिजन ज्यु लाई अगाडि मंचमा आएर आसन ग्रहणको लागि अनुरोध गरिएको ।

स्वागत मन्तव्य र वडा नम्बर १ बाट भएका विकास निर्माण र सेवाप्रवाह सम्वन्धि प्रस्तुती .कार्यवहाक वडा अध्यक्ष तुफानि लाल गुप्ता बाट भएको

**सार्वजनिक सुनुवाई गर्न अपनाएका विधिहरु :**

क) सार्वजनिक सुनुवाई कार्यविधि र आचारसंहिताको पालना

ख) स्थानिय मेडिया तथा माइकिङ बाट प्रचार प्रसार

ग) पालिकाबासी, टोलविकास संस्थाहरु, उद्योगी व्यवसायीहरु, शिक्षक बुद्धिजिवी, किसान, तथा विभिन्न संघ संस्थालाई कार्यक्रम बारे जानकारी

घ) भेला तथा छलफल

**कार्यक्रममा सहभागीहरुले उठाएको प्रशनको जवाफ सम्बन्धित जनप्रतिनिधि तथा कर्मचारीले दिएका थिए ।**
**कार्यक्रममा उठेको प्रश्न, जवाफ तथा सुझावहरु :**

**सार्वजनिक सुनुवाईका प्रश्नकर्ताहरु -** राम बहादुर सार्कि, पल्ट थारु, सुसान्त शर्मा घिमिरे, पिङकला चौधरी, देवराज राय थारु, भेषनारायण चौधरी, डोल्मा चौधरी ।

**प्रश्नहरु**

१) सेवा प्रवाहमा कर्मचारी बाट ढिलासुस्ती भयो ?

२) ठेक्का पट्टा लगाईन्छ तर अन्तिममा मात्र अनुगमन गरिन्छ किन ? कामको गुणस्तरीयताको विषयमा समयमै अनुगमन गरे ठिक हुन्थ्यो ।

३) न्यायिक समितिबाट कसरी काम भईरहेको छ, महिला हिसांको घटना बढ्दो छ

४) जग्गा वर्गिकरण नहुदा कित्ताकाट रोकियो ? कहिले समाधान हुन्छ ?

५) सिपमुलक तालिममा आफ्ना पक्षलाई मात्र बोलाएर तालिम दिने गरिन्छ किन ?

६) मल विउको अभाव व्यापक छ पालिका कहिले चिन्तीत हुन्छ ? गहुँको विउ आवश्यकता अनुसार किन ल्याईदैन् ।

७) नयाँ बाटो क्षेत्रमा विद्युत पोलको समस्या, बाटो हिलो छ ? कृपया काम हुनुपर्‍यो ।

८) प्रसृति गृहमा कुरुवा कक्ष सहितको व्यवस्थापन कहिले हुन्छ ? एक्स रे मेसिन पनि संञ्चालनमा आएन् ।

**जवाफ कार्यवहाक वडा अध्यक्ष मार्फत**

- तालिममा कुनै पनि पुर्वाग्रह राखिएको छैन्, सबैलाई वडा सदस्य मार्फत र विभिन्न माध्यमबाट खबर गरिएको छ । त्यसतो केहि भएमा मैले सच्चाउन तयार छु ।

**जवाफ प्र.प्र.अ. मार्फत**

- सेवा प्रवाहमा कहि ढिलासुस्ती भएको भए हामि सुधार गर्न तयार छौं, तर कहाँ कुन कार्यालयबाट सेवा प्रवाहमा ढिलो भएको हो त्यो खुलाउनु भयो भने सहज हुन्थ्यो तर हामि सेवा प्रवाहमा सुधार गर्न तयार छौं । जग्गा वर्गिकरणका लागी काम भईरहेको छ, हामिले पुरै गर्न नसक्ने विज्ञ नहुदा हायर गरेर ल्याउनुपर्ने छ तर फागुन मसान्त सम्म कृषि र गैरकृषि जग्गाको वर्गिकरण गरेर कित्ताकाट हामि खुलाउछौं ।

**जवाफ उपाध्यक्ष ज्यु मार्फत**

- न्यायिक समिति मार्फत निष्पक्ष रुपमा काम भईरहेको छ । हामि न्यायिक समितिलाई निष्पक्ष बनाउने समस्या छिटो समाधान गर्ने प्रयासमा छौं । कसैलाई भेदभाव गरिएको छैन् । अनुगमनको पाटोको कुरा छ अनुगमन पहिल्यै भएको छैन् । ईस्टीमेट अनुसारको काम भए नभएको अनुगमन गरिन्छ ।

**जवाफ अध्यक्ष चौधरी मार्फत**

- प्रसुती गृहमा कुरुवा कक्ष बन्छ, एक्स रे मेसिन पनि संञ्चालनमा आउने म प्रतिवद्धता व्यक्त गर्न चाहान्छु, यहि वडा कार्यालयको एक साईडमा संञ्चालनमा ल्याउने  कि भन्ने छ । मलको समस्या राष्ट्रिय समस्या नै भएको छ हामिले चाहेर मात्र भएको छैन् । गहुँ सहित अन्य विभिन्न विउको प्रर्याप्तता र उपलब्धताका विषयमा आगामि दिनमा हामि ध्यान दिने छौं ।

# सार्वजनिक सुनवाई (वडा नम्बर ४) फागुन १९ गते

कार्यक्रम संचालक : बिकास अधिकारी, सहजकर्ता रेडियो परासी ( २.५ घण्टा )
अध्यक्षता ग्रहण -अध्यक्ष सुखाडी चौधरी सरावल गाँउपालिका
पदाधिकारीहरुको आसन ग्रहणको कार्यक्रम -
गाँउपालिका उपाध्यक्ष बासमति हरिजन ज्यू
प्रमुख प्रशासकिय अधिकृत श्री दुर्गा पौडेल ज्यू
वडा नम्बर ४ का वडा अध्यक्ष सुरेस प्रसाद यादव ज्यु,

**वडा सदस्यहरु**

- रन्जना महतो
- सावित्रि कुमारी चमार
- अर्जुन तेली
- सुवास केवटलाई अगाडि मंचमा आएर आसन ग्रहणको लागि अनुरोध गरिएको ।

यस गाँउपालिकाको विषयगत शााखा उपशाखाका प्रमुख एव कर्मचारीहरुहरुलाई यथा स्थानमा आसनग्रहण गराईएको ।

स्वागत मन्तव्य र वडा नम्बर ४ बाट भएका विकास निर्माण र सेवाप्रवाह सम्वन्धि प्रस्तुती वडा अध्यक्ष सुरेस प्रसाद यादव बाट भएको

**सार्वजनिक सुनुवाई गर्न अपनाएका विधिहरु :**

क) सार्वजनिक सुनुवाई कार्यविधि र आचारसंहिताको पालना
ख) स्थानिय मेडिया तथा माइकिङ बाट प्रचार प्रसार
ग) पालिकाबासि, टोलविकास संस्थाहरु, उद्योगी व्यवसायीहरु, शिक्षक बुद्धिजिवी, किसान, तथा विभिन्न संघ संस्थालाई कार्यक्रम बारे जानकारी
घ) भेला तथा छलफल

**सहजकर्ता बाट सार्वजनिक सुनुवाई सम्बन्धी आचारसंहित प्रस्तुत**

**कार्यक्रममा सहभागीहरुले उठाएको प्रश्नको जवाफ सम्बन्धित जनप्रतिनिधि तथा कर्मचारीले दिएका थिए ।**
**कार्यक्रममा उठेको प्रश्न, जवाफ तथा सुझावहरु :**
**सार्वजनिक सुनुवाईका प्रश्नकर्ताहरु -**

अमरजित यादव, रिना गुप्ता, गौकरन यादव, सरोजादेवि,परशुराम गुप्ता, विनोद पाण्डे, जकि मोहम्मद जोलाहा, हरि सुनेना, अमरजित यादव, नेपालि केवट, दिपक कुसहानी, अमेरिका चौधरी

**प्रश्नहरु**

१) खेतमा सिचाँईका लागी विद्यतुको व्यवस्था हुनुपर्‍यो ?
२) छठघाटको व्यवस्था, मन्दिरको उचित संरक्षण र व्यवस्थापन गर्नुपर्‍यो
३) हात्तिवन चोकमा बनेको महिला भवन किन ताला लगाएर राखियो ?
४) खानेपानीको व्यवस्था कहिले ?
५) शिक्षक अभाव भयो, व्यवस्थापन गरिदिनुपर्‍यो ।
६) नागरिकताको समस्या छ? नागरिकता छैन् कसरी छोराछोरी अगाडी बढ्छन् ?
७) सिचाँईको व्यवस्था छैन्, सडक पनि पिच भएन् ?

८) हात्तिवनको खानेपानी आयोजना के भो ?

**जवाफ वडा अध्यक्ष मार्फत**

हात्तिवनमा बनेको महिला भवन निजि जग्गा पनि परेकाले संञ्चालन गर्न सकिएको छैन्, हेरौँ के हुन्छ । नागरिकताको समस्या व्यापक छ यो हामि मार्फत समाधान हुन सक्दैन् यदि हुने अवस्थाको छ भने वडामा सर्म्पक गर्नुहोला मिले सम्म हामि नागरिकको अधिकार रोक्दैनौँ ।

**जवाफ प्रमुख प्रशासकि अधिकृत बाट**

- नागरिकताको समस्या यहाँको मात्र होईन् देशभरको हो, अहिले जन्मसिद्धका सन्तानलाई नागरिक दिन कानुन बाधक छ, नयाँ विधयेक संसदमा पेश हुने तयारी छ भन्ने सुनिएको छ यदि भयो भने कार्यान्वयन होला यो पालिका तह बाट समाधान हुने कुरा होईन् ।
- शिक्षक अभाव पुर्ति गर्न जहाँ विद्यार्थि त्यहा शिक्षक कार्यक्रम लागु गर्ने गाँउपालिकाले निर्णय गरिसकेको छ, केहि दिनमा समाधान हुन्छ । हामि नयाँ शिक्षक भर्ना गर्ने भन्दा पनि सरुवा गरेर मिलान गर्ने पक्षमा छौ । जहाँ विद्यार्थि बढि छन् त्यहाँ बढि शिक्षक र जहाँ कम छन् त्यहाँ कम शिक्षक राखिने छ ।

**जवाफ अध्यक्षबाट**

- खेतमा सिचाँईको अत्यन्त जरुरी छ, त्यसको महसुस गाँउपालिकाले पनि गरेको छ हामि सिमित बजेटमा तत्कालै सबै काम गर्न असर्मथ छौ तर संघिय सांसदहरु संग पनि यस विषयमा हामि पटक पटक छलफलमै छौ केहि नतिजा आउला, खेतको एरियामा विद्युत विस्तारको काम भविष्यमा हुने छ । छठघाट निर्माणको विषयमा मैले वडा अध्यक्ष संग थप बुझ्रेर काम गर्नेछु । कुटि मन्दिर संरक्षणको कुरा आयो त्यो म तत्कालै बुझ्रेर सम्बोधन गर्ने काम गर्नेछु । खानेपानी अयोजनाको काम पुरा गर्न प्रदेश सरकार संग कोसिस गरिने छ ।

## सार्वजनिक सुनवाई (वडा नम्बर ५) फागुन १९ गते

कार्यक्रम संचालक : बिकास अधिकारी, सहजकर्ता रेडियो परासी ( २.१५ घण्टा )

क) अध्यक्षता ग्रहण -अध्यक्ष सुखाडी चौधरी सरावल गाँउपालिका

ख) पदाधिकारीहरुको आसन ग्रहणको कार्यक्रम -

गाँउपालिका उपाध्यक्ष बासमति हरिजन ज्यू

वडा नम्बर ५ का वडा अध्यक्ष लक्ष्मण प्रसाद चौधरी ज्यु,

वडा सदस्यहरु

- किसुन कहाँर
- सुधौँ सहानी
- सावित्रि चौधरी
- अनिता हरिजन ज्यु

गाँउपालिकाको प्रशासन शाखा प्रमुख देशकान्त बस्याल ज्यु

वडा सचिव अशोक पाण्डे ज्यु लगाएतलाई अगाडि मंचमा आएर आसन ग्रहणको लागि अनुरोध गरिएको ।

स्वागत मन्तव्य र वडा नम्बर ५ बाट भएका विकास निर्माण र सेवाप्रवाह सम्वन्धि प्रस्तुती . वडा अध्यक्ष बाट भएको

**सार्वजनिक सुनुवाई गर्न अपनाएका विधिहरु :**

क) सार्वजनिक सुनुवाई कार्यविधि र आचारसंहिताको पालना

ख) स्थानिय मेडिया तथा माइकिङ बाट प्रचार प्रसार

ग) पालिकाबासि, टोलविकास संस्थाहरु, उद्योगी व्यवसायीहरु, शिक्षक बुद्धिजिवी, किसान, तथा विभिन्न संघ संस्थालाई कार्यक्रम बारे जानकारी

घ) भेला तथा छलफल

**सहजकर्ता बाट सार्वजनिक सुनुवाई सम्बन्धी आचारसंहित प्रस्तुत**

**कार्यक्रममा सहभागीहरुले उठाएको प्रश्नको जवाफ सम्बन्धित जनप्रतिनिधि तथा कर्मचारीले दिएका थिए ।**

**कार्यक्रममा उठेको प्रश्न, जवाफ तथा सुझावहरु :**

**सार्वजनिक सुनुवाईका प्रश्नकर्ताहरु -** संजय कुमार मिश्रा, रामानन्द, बालमुकुन्द चौधरी, ब्रह्मानन्द गौड, धुव्र नारायण चौधरी, डुलनादेवि चौधरी, आत्मराम यादव, सुग्रिम राजभर, नरंसिह गुप्ता, अंचल बहादुर चौधरी

**प्रश्नहरु**

१) कृषि सडक खै ?खेतमा सिचाँईको लागी विद्युतिकरण हुनुपर्‍यो

२) प्राविधिक स्टीमेट कम हुदा काम गर्न कठिन छ ? कसरी समाधान हुन्छ स्टीमेट हरिदिनुपर्‍यो

३) कृषिमा लगानी भएन् ? खाध, सिचाँई बिउविजनको व्यवस्था छैन् किन ?

४) बडहरा तालले डुबान भयो, त्यहाँ नजिकैको पुल पनि जिर्ण छ ?

५) बाढि डुबानको समस्या कसरी समाधान हुन्छ ?

६) विनोद निता कंण्डेल आधारभुत विद्यालयको भौतिक पुर्वाधार खै ? कुनै बजेट आउदैन् ।

**जवाफ अध्यक्ष बाट**

- यो अघिल्लो वडामा पनि धेरैले उठाउनु भएको छ । खेतमा सिचाँईको अत्यन्त जरुरी छ, त्यसको महसुस गाँउपालिकाले पनि गरेको छ हामि सिमित बजेटमा तत्कालै सबै काम गर्न असमर्थ छौ तर संघिय सांसदहरु संग पनि यस विषयमा हामि पटक पटक छलफलमै छौ केहि नतिजा आउला, खेतको एरियामा विद्युत विस्तारको काम भविष्यमा हुने छ । अब मलको समस्या राष्ट्रिय समस्या हो । हामि मार्फत वितरण मात्रै हुने हो वितरणका लागी हामिले व्यवस्थापन सहकारी मार्फत गर्दै आएका छौ । मल आएमा फेरि पनि गर्ने छौ । कृषि सडकका लागी पनि पालिकाले अध्ययन गरेर कुन कुन वडामा के के आवश्यक पर्छ काम गर्ने छ ।
- प्राविधिक स्टीमेटको सर्न्दभमा अब प्राविधिक कुरा हो बजार भाउ भन्दा घटेर गर्न पनि मिलेन् त्यसैल गर्दा समस्या भएको हो । पेशिक दिनुपर्ने कुरा छ, यसमा हाल सम्म व्यवस्था नभएकाले अब थप छलफल बाट के गर्न सकिन्छ गर्ने हो । पुलको लागी हामिले बजेट व्यवस्था गर्ने छौ मर्मत हुन्छ । विद्यालयमा बजेटको कुरा आगमि दिनमा व्यवस्था होला, हामि भर्खर तिन सय दिन जतिको कार्यकाल पार गर्दैछौ सबै कुरा एकैपटक गर्न पनि कठिन छ । तर हामि भौतिक पुर्वाधार सहित समाजिक विकासको काममा एकजुट भएर अगाडी बढ्दौ तपाईहरुले सार्वजनिक सुनुवाईमा मात्र होईन् अन्य समयमा पनि हामिलाई समस्या गुनासका विषयमा जानकारी गराउन सक्नुहुन्छ ।

**सार्वजनिक सुनवाई कार्यकमको औपचारीक शत्र (वडा नम्बर ६) फागुन २१ गते**

कार्यक्रम संचालक : बिकास अधिकारी, सहजकर्ता रेडियो परासी ( २ घण्टा )
अध्यक्षता ग्रहण -अध्यक्ष सुखाडी चौधरी सरावल गाँउपालिका
पदाधिकारीहरुको आसन ग्रहणको कार्यक्रम -
गाँउपालिका उपाध्यक्ष बासमति हरिजन ज्यू
प्रमुख प्रशासकिय अधिकृत श्री दुर्गा पौडेल ज्यू
वडा नम्बर ६ का वडा अध्यक्ष छोटेलाल गुप्ता ज्यु,

**वडा सदस्यहरु**

- चन्द्रभान प्रसाद चौधरी
- अब्दुर रहमान चुरीहार
- ज्ञान्त्री कुमारी चौधरी
- जानकी चमार ज्यु लाई अगाडि मंचमा आएर आसन ग्रहणको लागि अनुरोध गरिएको ।

यस गाँउपालिकाको विषयगत शााखा उपशाखाका प्रमुख एव कर्मचारीहरुहरुलाई यथा स्थानमा आसनग्रहण गराईएको ।

**स्वागत मन्तव्य र वडा नम्बर ६ बाट भएका विकास निर्माण र सेवाप्रवाह सम्वन्धि प्रस्तुती .वडा अध्यक्ष बाट भएको**

**सार्वजनिक सुनुवाई गर्न अपनाएका विधिहरु :**

क) सार्वजनिक सुनुवाई कार्यविधि र आचारसंहिताको पालना
ख) स्थानिय मेडिया तथा माइकिङ बाट प्रचार प्रसार
ग) पालिकाबासि, टोलविकास संस्थाहरु, उद्योगी व्यवसायीहरु, शिक्षक बुद्धिजिवी, किसान, तथा विभिन्न संघ संस्थालाई कार्यक्रम बारे जानकारी

घ) भेला तथा छलफल

**सहजकर्ता बाट सार्वजनिक सुनुवाईको आचारसंहिता प्रस्तुत गरिएको**

**कार्यक्रममा सहभागीहरुले उठाएको प्रश्नको जवाफ सम्बन्धित जनप्रतिनिधि तथा कर्मचारीले दिएका थिए।**

**कार्यक्रममा उठेको प्रश्न, जवाफ तथा सुझावहरु :**

**सार्वजनिक सुनुवाईका प्रश्नकर्ताहरु –** पारसनाथ गुप्ता, वनारसी राजभर, रघुराज केवट, ब्रह्मा प्रसाद पटेल, आत्माराम यादव, समिउल्लाहा अन्सारी, राजनप्रसाद कुर्मि, अतुल अली चुरीहार, पिन्टु कहाँर, मोहम्मद ईरफान, देवेन्द्रराज गुप्ता

**मुख्य प्रश्नहरु-**

१) स्वास्थ्य चौकिमा औषधि पाईन्न किन?
२) यो क्षेत्र बाढिपिडित क्षेत्र हो समस्या कहिले समाधान हुन्छ ?
३) कार्यालयमा सेवा प्रवाहका क्रममा कर्मचारीको धेरै ढिलासुस्ती छ।
४) शिक्षालाई प्राथमिकता दिईनुपर्‍यो, विद्यालयमा शिक्षक अभाव छ, कहिले पुरा हुन्छ ?
५) कृषिमा केहि भएन् ? मल विउ छैन्।
६) नालि ग्राभेल र आरसिसि ढलान हुनुपर्‍यो बाढि डुबान क्षेत्र हो ? बजेट परेर पनि किन काम भएन् फ्रिज भयो।
७) भारतबाट मल ल्याउदा प्रहरीले दुख दिन्छ, तपाईहरु जनप्रतिनिधिले मलखादको व्यवस्था गर्नुहुन्न अनि के काम तपाईहरुलाई जिताएर ?
८) डुबानका कारण मुस्लिम समुदायले लास गाड्न समेत नपाउने अवस्था छ, त्यसैले कबरस्थानलाई अलि उचो बनाउन पालिकाले सहयोग गर्नुपर्‍यो ?
९) जनता मावि, जनजागृति माविमा भएका कम्प्युटरको प्रयोग छैन्, किन ?

**जवाफ वडा अध्यक्ष मार्फत**

- डुबान क्षेत्रमा नाला बनाउने आरसिसि गर्ने काम भईरहेको छ, केहि स्थानमा काम भईपनि सकेको छ। मल खादको समस्या ठुलो छ प्रहरीले पनि सानालाई दुख दिने ठुलालाई छाड्न गर्छ।

**जवाफ गोबरहिया प्रहरी चौकिका असई मनोज केसिबाट**

- प्रहरी दुख दिने विषय गलत हो, हामि सिमामा बस्छौ शसस्त्र प्रहरीले सिमा क्षेत्रमा पहिलो निगरानी गर्ने हो त्यसपछि हामि हो, तर समान ल्याउदा एकै व्यक्तिले पटक पटक ल्याएपछि हामिले रोक्नुपर्‍यो। यहाँ विहेलाई भनेर कुखुरा ल्याउने दिनभरमा एक जिपनै कुखुरा ल्याउने अनि रोक्यो भने बच्चा महिला सबै गाँउले प्रहरी माथि जाईलाग्ने यस्तो अवस्था छ। हामिले जे निर्देशन हो त्यसलाई पालना गर्नुपर्‍यो। घरायसि प्रयोगका थोरै समानका लागी केहि भनिएको छैन्।

**जवाफ प्रमुख प्रशासकिय अधिकृत ज्यु बाट**

- स्वास्थ्य चौकिमा औषधि नपाईने सवालमा कुन औषधि कहिले पाईएन् थाहा भएको भए सजिलो हुन्थ्यो। गाँउपालिकाले खरिद गरेर २५प्रकारका औषधि स्वास्थ्य संस्थामा वितरण गरिन्छ। यदि कमि भएको भए विरामिको चाप हेरेर हामिले त्यसलाई तत्काल सच्चाउने छौ। शिक्षाको क्षेत्रमा शिक्षक अभावको समस्या एक महिना भित्र समाधान हुन्छ। हामिले कार्यपालिका बैठक मार्फत दरबन्दी मिलानको निर्णय गरिसकेका छौ। जहाँ विद्यार्थि त्यहाँ शिक्षक कार्यक्रम लागु हुने छ।

**जवाफ गाँउपालिका अध्यक्ष मार्फत**

- कबर स्थानका लागी माटो पाट्ने काम हामि गर्छौ, अब यो क्षेत्रमा डुबानको ठुलो समस्या छ भारतको सिमावर्ति क्षेत्र पनि हो, यहाँ मात्र डुबान नियन्त्रण गरेर हुदैन्, झरही खोला सहित भारत सम्मै गर्नुपर्ने भएकाले हामिले संघिय सांसदहरु संग विनोद चौधरी संग पनि कुरा गरिरहेका छौ । पालिकाले सकेको गर्छ, अहिले साईफन सफाई लगाएतका कामको लागी बजेट हालिएको छ । विद्यालयमा भएका कम्प्युटर प्रयोगमा छन् तपाईले हेर्न सक्नुहुन्छ । निश्चित समय तोकेर प्राक्टिकल गर्ने गरिन्छ, यदि सहि प्रयोग भएको छैन् भने पनि हामि तत्कालै नियमन गर्छौ ।

## सार्वजनिक सुनवाई कार्यक्रमको औपचारीक शत्र  (वडा नम्बर ७) फागुन २१ गते

कार्यक्रम संचालक : बिकास अधिकारी, सहजकर्ता रेडियो परासी ( २.१५ घण्टा )
अध्यक्षता ग्रहण -अध्यक्ष सुखाडी चौधरी सरावल गाँउपालिका
पदाधिकारीहरुको आसन ग्रहणको कार्यक्रम -
गाँउपालिका उपाध्यक्ष बासमति हरिजन ज्यू
प्रमुख प्रशासकिय अधिकृत श्री दुर्गा पौडेल ज्यू
वडा नम्बर ७ का वडा अध्यक्ष हेयात खाँ धुनिया ज्यु,

**वडा सदस्यहरु**

- बन्धन सहानी ज्यु
- धर्मेन्द्र प्रसाद हरिजन ज्यु
- मोहारी देवि चमार ज्यु
- कौशिल्या देवि चमार ज्यु लाई अगाडि मंचमा आएर आसन ग्रहणको लागि अनुरोध गरिएको ।

**स्वागत मन्तव्य र वडा नम्बर ७ बाट भएका विकास निर्माण र  सेवाप्रवाह सम्वन्धि प्रस्तुती .वडा अध्यक्ष बाट भएको**

**सार्वजनिक सुनुवाई गर्न अपनाएका विधिहरु :**

क) सार्वजनिक सुनुवाई कार्यविधि  र आचारसंहिताको पालना
ख) स्थानिय मेडिया तथा माइकिङ बाट प्रचार प्रसार
ग) पालिकाबासी, टोलविकास संस्थाहरु, उद्योगी व्यवसायीहरु, शिक्षक बुद्धिजिवी, किसान, तथा विभिन्न संघ संस्थालाई कार्यक्रम बारे जानकारी
घ) भेला तथा छलफल

**सहजकर्ता बाट सार्वजनिक सुनुवाईको आचारसंहिता प्रस्तुत**
**कार्यक्रममा सहभागीहरुले उठाएको प्रश्नको जवाफ सम्बन्धित जनप्रतिनिधि तथा कर्मचारीले दिएका थिए ।**

**कार्यक्रममा उठेको प्रश्न, जवाफ तथा सुझावहरु :**
**सार्वजनिक सुनुवाईका प्रश्नकर्ताहरु -** साविद अलि, अमर यादव, संजय मिश्र, राजन मुराउ, मदन सहानी, दिपक क्षेत्रि, नरेश बरई, अनिरुद्र यादव

**मुख्य प्रश्नहरु-**

१) कित्ताकाट नहुदा दुख पाईयो कहिले काम हुन्छ ?
२) खानेपानीको समस्या छ तर टंकि बनेर थन्किएको छ, कहिले काम हुन्छ ?
३) शिक्षकको अभाव छ, समाधान गर्नुपर्‍यो ?
४) बाढिको समस्या समाधान हुनुपर्‍यो ?
५) आखाँ अप्रेसन निशुल्क हुने व्यवस्था थियो पहिले अहिले किन नभएको ?
६) १० बजे पालिका र यस संग सम्बन्धित कार्यालयमा कर्मचारी हुदैनन् किन ?
७) वृद्धभत्ता पालिका भित्रै वडा बाट बाड्न किन सकिएन्, रामग्राम नगरपालिकाले बाडिरहेको छ ?
८) कोरोनाकालको विपन्नले पाउने पैसा किन पाएनन् ? फिर्ता किन गयो ?
९) युवाको लागी एउटा खेलमैदान समेत छैन् किन ?

**जवाफ प्रमुख प्रशासकिय अधिकृतबाट**

- शिक्षाको क्षेत्रमा शिक्षक अभावको समस्या एक महिना भित्र समाधान हुन्छ । हामिले कार्यपालिका बैठक मार्फत दरबन्दी मिलानको निर्णय गरिसकेका छौ । जहाँ विद्यार्थि त्यहाँ शिक्षक कार्यक्रम लागु हुने छ । जग्गा वर्गिकरणको सर्न्दभमा यसका लागी काम भईरहेको छ, हामिले पुरै गर्न नसक्ने विज्ञ नहुदा हायर गरेर ल्याउनुपर्ने छ तर फागुन मसान्त सम्म कृषि र गैरकृषि जग्गाको वर्गिकरण गरेर कित्ताकाट हामि खुलाउछौ । भत्ता वडा बाटै बाड्न यो पालिका क्षेत्रमा बैंकको राम्रो पहुँच सुरक्षा लगाएतका कारण तत्काल सम्भव छैन्, आगामि दिनमा त्यसतो सम्भव भए हामि गर्न तयार छौ ।

**जवाफ गाँउपालिका अध्यक्ष मार्फत**

- अब यो क्षेत्रमा डुबानको ठुलो समस्या छ भारतको सिमावर्ति क्षेत्र पनि हो, यहाँ मात्र डुबान नियन्त्रण गरेर हुदैन्, झरही खोला सहित भारत सम्मै गर्नुपर्ने भएकाले हामिले संघिय सांसदहरु संग विनोद चौधरी संग पनि कुरा गरिरहेका छौ । पालिकाले सकेको गर्छ, अहिले साईफन सफाई लगाएतका कामको लागी बजेट हालिएको छ । कोरोनाकालको विपन्नले पाउने पैसामा गैरविपन्न नागरिक पनि आएपछि समस्या भएको हो, यो समस्या समाधान गर्न सकिएन्, पैसाको लोभमा धनिले पनि फर्म भर्ने वडामा तालाबन्दी गर्ने लगाएतका काम भएपछि भोलिका दिनमा अख्तियारमा समेत जवाफ दिनुपर्ने भएकाले हामिले फिर्ता गरेका हौं ।
- खानेपानी ट्याङ्किको सर्न्दभमा यो पालिकाको बजेटले मात्र भ्याउदैन्, हामि छिटो सुचारु गर्ने प्रयास गर्ने छौ । आखाँ अप्रेसनमा विगतमा महंगोमा कमको मात्रै उपचार हुन्थ्यो तर हामिले रोटरी कल्ब संग सहकार्य गरेर सस्तोमै अघिल्लो सरकारले भन्दा दोब्बर बढिको आखाँको शल्यक्रिया र उपचार गरेका छौ ।

**सार्वजनिक सुनवाई कार्यक्रमको औपचारीक शत्र (वडा नम्बर ३ पालिका स्तरीय) फागुन २६ गते**
कार्यक्रम संचालक : बिकास अधिकारी, सहजकर्ता रेडियो परासी ( २.१५ घण्टा )
अध्यक्षता ग्रहण -अध्यक्ष सुखाडी चौधरी सरावल गाँउपालिका
पदाधिकारीहरुको आसन ग्रहणको कार्यक्रम -
गाँउपालिका उपाध्यक्ष बासमति हरिजन ज्यू
प्रमुख प्रशासकिय अधिकृत श्री दुर्गा पौडेल ज्यू
**वडा अध्यक्षहरुको आसनग्रहण-**

- सुरेश यादव
- विष्णु प्रसाद भट्टराई
- फिरंगि चौधरी
- लक्ष्मण प्रसाद चौधरी
- छोटेलाल गुप्ता
- हेयात खाँ धुनिया
- तुफानिलाल गुप्ता कार्यवहाक अध्यक्ष वडा नं. २

**कार्यपालिका सदस्यहरु**

- उर्मिला कुमारी थारु
- कौशिल्या देवि चमार
- नेमा चौधरी
- रामनिवास नाउ
- रामानन्द चमार ज्यु लाई मंन्चमा आसन ग्रहणका लागी आग्रह गरिएको

**पालिकाका शाखा प्रमुख कर्मचारी**

- तुल्सी प्रसाद अधिकारी
- नारायण पाण्डे
- देशकान्त बस्याल
- ईश्वरी प्रसाद खनाल
- मदन पाण्डे
- खेम नारायण खनाल
- ओम नारायण देवकोटा
- रिना कुर्मि
- नेत्र नारायण भण्डारी
- कुलदिप नारायण मिश्र
- राजन बस्याल
- याम अर्याल

- अमृत अर्याल लगाएतलाई अघिल्लो भागमा आसन ग्रहणका लागी आग्रह गरिएको

**स्वागत मन्तव्य गाँउपालिका उपाध्यक्ष ज्यु बाट**

**प्रमुख प्रशाकिय अधिकृत ज्यु बाट चालु आर्थिक वर्षको दुई चौमासिकमा पालिका बाट भएका विकास निर्माण र सेवा प्रवाह बारे विस्तृत प्रतिवेदन प्रस्तुत**

**सार्वजनिक सुनुवाई गर्न अपनाएका विधिहरु :**

क) सार्वजनिक सुनुवाई कार्यविधि र आचारसंहिताको पालना

ख) स्थानिय मेडिया तथा माइकिङ बाट प्रचार प्रसार

ग) पालिकाबासी, टोलविकास संस्थाहरु, उद्योगी व्यवसायीहरु, शिक्षक बुद्धिजिवी, किसान, तथा विभिन्न संघ संस्थालाई कार्यक्रम बारे जानकारी

घ) भेला तथा छलफल

**सहजकर्ता बाट सार्वजनिक सुनुवाईको आचारसंहिता प्रस्तुत**

**कार्यक्रममा सहभागीहरुले उठाएको प्रश्नको जवाफ सम्बन्धित जनप्रतिनिधि तथा कर्मचारीले दिएका थिए । कार्यक्रममा उठेको प्रश्न, जवाफ तथा सुझावहरु :**

**सार्वजनिक सुनुवाईका प्रश्नकर्ताहरु -** रामराज चौधरी, हरिलाल यादव, ब्रह्मलाल पासि, भोज बहादुर चौधरी, रोहित गौड, महेन्द्र चौधरी, प्रदिप कुमार तिवारी, देशवन्धु यादव, वालमुकुन्द चौधरी, तुल्सीराम थारु, चन्द्र गुप्ता, सोहन चौधरी, पन्चराम चौधरी, चन्द कुमारी चौधरी, अनिल कुमार गौड

**मुख्य प्रश्नहरु-**

१) मकैको विउ किन ५० प्रतिशत अनुदान भनेर धेरै पैसा लिईयो किसानसंग ?

२) निशुल्क बोका बितरण गर्न सुचना जारी गरेपनि किन वितरण भएन् ?

३) अगुवा कृषक भ्रमणमा किन आसेपासेलाई लगियो ?

४) वडा नम्बर तिनमा कुनै तालिम भएमा पटनिका मानिस मात्र किन धेरै हुन्छन् ?

५) भैसि पालन सम्बन्धि तालिममा बाख्रा पाल्नेलाई किन बोलाईयो ?

६) कार्य सम्पादनमा सरावल सबैभन्दा कमजोर किन ?

७) प्रमुख प्रशासकिय अधिकृतलाई किन व्यक्तिगत सुविधाका लागी गाडि तेलको खर्च ?

८) कोरोनाकालको विपन्नले पाउने पैसा किन पाएनन् ? फिर्ता किन गयो ?

९) नारी दिवसको कार्यक्रम पालिकाको कि पार्टीको ?

१०) गाँउपालिकाका विषयगत समिति किन गठन भएन् ?

११) आखाँको शल्यक्रिया निशुल्क गर्ने अघिल्लो सरकारको व्यवस्था किन काटियो ?

१२) कोभिड प्रभावितलाई दिने भनिएको रकम किन फ्रिज भयो ?

१३) खेलकुद आयोजनामा सरावल खेलकुद संस्था संग किन समन्वय भएन् ? तपाईको चुनावी एजेन्डा पुरा गर्न अर्को कल्बलाई खेलकुद आयोजना गर्न दिईएको हो ?

१४) मेलमिलापकर्ता र न्याययिक समितिको काम र्कत्व्य के हो उपाध्यक्ष ज्यु ?

१५) ताल तलैयाको संरक्षण हुनुपर्‍यो ?

१६) निर्माण समाग्रि जथाभावि थुप्रार्दा काम दुर्घटनाको जोखिम र कुरुप देखियो ?

१७) बिउविजन मल समयमा उपलब्ध हुन सक्दैन् कमसेकम विउ त समयमा पाए हुन्थ्यो ?

१८) उपभोक्ता समिति बाट काम गर्न गाह्रो छ स्टीमेट नै कमको बनाउछन् प्राविधिकहरु टाईट स्टीमेटले काम गर्न गाह्रो भो ।

१९) पुर्व उपाध्यक्षको निजि जग्गामा किन ट्रष्ट बनेको होला ?

२०) भुमि वर्गिकरण किन भएन्, कित्ताकाट बन्द छ किन यस्तो ?

२१) शिक्षक अभावको समस्या व्यापक छ किन पालिका निदाएको होला ?

२२) डुबानको समस्या समाधानको योजना के छ ?

## जवाफ वडा नम्बर ३ का वडा अध्यक्ष बाट

- तालिममा पटनिकालाई बढि बोलाईन्छ भन्ने कुरा सत्य होईन्, सबै वडा सदस्यहरु लगाएत सबैलाई खबर गरेर समान रुपमा तालिममा अवसर दिईएको छ । अब भैसि पाल्ने तालिममा बाख्रा मात्र पाल्नेलाई बोलाईयो भनिएको छ, अब मैले सबै देख्ने कुरा पनि भएन् तर खबर गर्दा भैसि पाल्नेहरुका लागी तालिम भनिएको हो, कहाँ त्यसतो भो मलाई त्यस्तो भए जस्तो लाग्दैन् ।

## जवाफ कृषि शाखा प्रमुख कुलदिप नारायण मिश्राबाट

- कृषिका विषयमा आएका धेरै प्रश्न मध्ये मकैको विउको विषयमा छ, उक्त विउको मुल्य हामिले विभिन्न कम्पनीबाट माग गरेका थियौं तर बिउको फरक फरक मुल्य आएको थियो उक्त मुल्य भारतिय रुपैयाको आधारमा थियो सायद । म व्यक्तिगत कामले भारत भ्रमणमा जानुपर्‍यो पुर्ण रुपमा बुझ्न पाएको छैन् । यदि बढि पैसा लिएको भए किसानको पैसा फिर्ता हुन्छ त्यो अब हामि टुङ्गो लगाउछौं । कृषक भ्रमणमा भएको मापदण्ड अनुसारनै भ्रमण गराईएको हो मेरो बुझाईमा ।

## जवाफ प्रमुख प्रशासकिय अधिकृत ज्यु बाट

- शिक्षाको क्षेत्रमा शिक्षक अभावको समस्या एक महिना भित्र समाधान हुन्छ । हामिले कार्यपालिका बैठक मार्फत दरबन्दी मिलानको निर्णय गरिसकेका छौ । जहाँ विद्यार्थि त्यहाँ शिक्षक कार्यक्रम लागु हुने छ । जग्गा वर्गिकरणको सर्न्दभमा यसका लागी काम भईरहेको छ, हामिले पुरै गर्न नसक्ने विज्ञ नहुदा हायर गरेर ल्याउनुपर्ने छ तर फागुन मसान्त सम्म कृषि र गैरकृषि जग्गाको वर्गिकरण गरेर कित्ताकाट हामि खुलाउछौ । स्टीमेटको सर्न्दभमा वर्षमा एक पटक प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको जिल्ला दररेट समिति मार्फत भएको निर्णयको आधारमा स्टीमेट बनाउने हो त्यो अब अहिले मुल्य वृद्धिका कारण तलमाथि भएको हुन सक्छ तर हामि त्यो भन्दा बाहिर जान मिल्दैन् त्यो समस्या छ त के गर्नु ।
- प्रमुख प्रशासकिय अधिकृतको गाडि सुविधाको कुरा आयो यो अघिल्लो स्थानिय सरकारकै पालामा कार्यविधि बनिसकेको छ तर प्रमुख प्रशाकिय अधिकृतलाई गाडि उपलब्ध नभए भाडामा लिने भनिएको छ त्यहि अनुरुप नियमसंगत आगाडी बढिएको हो तर यदि प्रमुख प्रशासकिय अधिकृतको कामको सबै आधारमा गाडि आवश्यक पर्दैन भन्ने लाग्छ भने म फिर्ता गर्न तयार छु । कार्यसम्पादनको सर्न्दभमा यो अघिल्लो आर्थिक वर्षको कुरा हो, यो सरावल नवलपरासीका सात पालिका मध्ये कमजोर देखिएको हो तर समग्रमा त्यस्तो नराम्रो होईन् तर हामि यो वर्ष राम्रो गरेर

पहिलो हुने कोसिसमा हुने छौ, तपाईहरुले के बुझ्नु पर्‍यो भने यो अघिल्लो आर्थिक वर्ष २०७८/०७९ को हो ।

- अर्को एउटा निशुल्क बोकाको विषय आयो, त्यस्मा बजेट कम भएको र माग बढि भएकाले हामिले वितरण गर्न नसकेको रहेछ यो म आउनुभन्दा अगाडीको कुरा हो अब आगामि दिनमा त्यस्लाई आवश्यक ठानेर जनप्रतिनिधिले योजना बनाउनुभयो भने बजेट विनियोजन गरेर काम हुने छ । अब नारी दिवसको कार्यक्रमको कुरामा अब के भनु हामिले सबैलाई खबर गरेको हो आउनुभएन् । त्यो कार्यक्रम कुनै पार्टी प्रति लक्षित होईन् । शिक्षक अभावको कुरा हामिले निर्णय गरिसकेका छौ चैत्र मसान्त भित्र दरबन्दी मिलान हुन्छ ।

**जवाफ गाँउपालिका उपाध्यक्षबाट**

- मैले सबैलाई मिलाएर न्यायिक समितिमा राखेको छु । न्यायिक समितमा मेलमिलापकर्ताको काम वडामै मिलाउने हो भने न्यायिक समितिले पालिकामा ल्याएर छलफल गर्ने हो नमिलेमा माथि पठाउने हो ।

**गाँउपालिका अध्यक्ष मार्फत**

- अब यो क्षेत्रमा डुबानको ठुलो समस्या छ भारतको सिमावर्ति क्षेत्र पनि हो, यहाँ मात्र डुबान नियन्त्रण गरेर हुदैन्, झरही खोला सहित भारत सम्मै गर्नुपर्ने भएकाले हामिले संघिय सांसदहरु संग विनोद चौधरी संग पनि कुरा गरिरहेका छौ । पालिकाले सकेको गर्छ, अहिले साईफन सफाई लगाएतका कामको लागी बजेट हालिएको छ । कोरोनाकालको विपन्नले पाउने पैसामा गैरविपन्न नागरिक पनि आएपछि समस्या भएको हो, यो समस्या समाधान गर्न सकिएन्, पैसाको लोभमा धनिले पनि फर्म भर्ने वडामा तालाबन्दी गर्ने लगाएतका काम भएपछि भोलिका दिनमा अख्तियारमा समेत जवाफ दिनुपर्ने भएकाले हामिले फिर्ता गरेका हौँ ।
- आखाँ अप्रेसनमा विगतमा महंगोमा कमको मात्रै उपचार हुन्थ्यो तर हामिले रोटरी कल्ब संग सहकार्य गरेर सस्तोमै अघिल्लो सरकारले भन्दा दोब्बर बढिको आखाँको शल्यक्रिया र उपचार गरेका छौ । ताल तलैया संरक्षणको कुरा आयो यो निकै महत्वपुर्ण कुरा हो । हामिले यसलाई मनन गरेर योजनावद्ध रुपमा काम गर्ने छौ । अब सडकमा राखिने निर्माण समाग्रिले साँच्चै नै असर त पारेको छ नै तर के गर्नु काम भईरहेको छ यसमा पनि हामि मनन गर्छौ ।

## जवाफ पछि अध्यक्ष ज्युबाट सार्वजनिक सुनुवाईको औपचारिक समापन

## सार्वजनिक सुनवाई कार्यकम वाट भएका सिकाईहरु

- सार्वजनिक सुनुवाईहरुबाट जनताको समस्यालाई नजिकैबाट बुझ्न सकियो ।
- सार्वजनिक सुनुवाइ कार्यकममा गाँउपालिकाबासीको उल्लेख्य उपस्थितिको लागि बृहत रुपमा प्रचार प्रसार गर्नु पर्ने सिकाई भएको छ ।
- यस प्रकारको सुनुवाईको व्यवस्था नियमित रुपमा हुँदा गाँउपालिकाको कार्य सम्पादनमा सहयोग पुग्ने ।
- यस प्रकारको कार्यक्रमले सही अर्थमा पारदर्शीता कायम गर्न सफल हुने ।
- जनगुनासोहरुको सुनुवाई गर्ने उपयुक्त थलोका रुपमा यो माध्यम उपयुक्त भएको ।

## सरावल गाउँपालिकामा सम्पन्न भएको सार्वजनिक सुनवाई कार्याक्रमका केही झलकहरु








•


सरावल गाउँपालिकाको










गाउँपालिकाको
निर्माण र सेवा प्रवाह सम्बन्धी
सुनुवाई कार्यक्रम
२०७९ फागुन १७ गते

- 
सरावल गाउँपालिका
सरावल गाउँपालिकाको
विकास निर्माण र सेवा प्रवाह सम्बन्धी
सार्वजनिक सुनुवाई कार्यक्रम
सौजन्य-सरावल
गाउँपालिका


सरावल गाउँपालिका


सरावल गाउँपालिका
"स्वास्थ्य, शिक्षा, कृषि र पूर्वाधार: समृद्ध सरावलको आधार"
सरावल गाउँपालिकाको
विकास निर्माण र सेवा प्रवाह सम्बन
सार्वजनिक सुनुवाई कार्यक्र
२०७९ फागुन २६ गते